प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**बागमती प्रदेश कार्यालय**

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तह अन्तर्गत स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको पूर्ण शुल्कीय तर्फ प्रवेश परीक्षाको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीको मिति २०७९/०४/१२, २०७९/०४/२७ र २०७९/०५/०८ गते गोरखापत्र राष्ट्रिय दैनिक तथा परिषद्को वेब साइटमा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र २०७९/०८० का लागि डिप्लोमा/प्रमाणपत्र तह अन्तर्गत स्वास्थ सम्बन्धी कार्यक्रमहरूको पूर्ण शुल्कीय तर्फ मिति २०७९/०५/१७ गते दिउसो ३:०० बजे बागमती प्रदेश भित्रका बिभिन्न परीक्षा केन्द्रहरूमा सञ्चालित प्रवेश परीक्षामा सम्मिलित परीक्षार्थीहरूमध्येबाट “डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९” मा भएको व्यवस्था बमोजिम योग्यताक्रमानुसार नतिजा प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ। साथै परीक्षामा अमर्यादित क्रियाकलाप गरी कारवाहीका लागि सिफारिस भई परीक्षा रद्द हुन पुगेका परीक्षार्थीहरू र निर्देशिकाको परिच्छेद ३, बुँदा नं. ११ (ग) मा भएको व्यवस्था अनुसारको उत्तीर्णाङ्क ३५ भन्दा कम अंक प्राप्त गरेका परीक्षार्थीहरू नतिजा सूचीमा समावेश नभएको व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

छनौट भएका मुख्य उम्मेद्वारहरूले यसै सूचनालाई आधार मानी सम्बन्धित शिक्षण संस्थामा मिति २०७९/०६/१२ गते कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यताका सक्कलै कागजपत्र, नागरिकता/जन्मदर्ता प्रमाणपत्र, लक्षित वर्गमा छनौट भएको भए सो को प्रमाणपत्र, प्रवेश पत्र र नतिजाको प्रतिलिपि सहित भर्ना भई सक्नु पर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरूले समेत यसै सूचनालाई आधार मानी सिफारिस गरिएका विद्यार्थी भर्ना गर्नु गराउनु हुन सूचित गरिन्छ। तोकिएको मिति र समय भित्र विद्यार्थी भर्ना हुन नआई कोटा रिक्त भएमा सम्बन्धित शिक्षण संस्थालाई “डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९” को परिच्छेद ५, बुँदा नं. २५ अनुसार गर्न समेत सूचित गरिन्छ।

परिषद्को भर्ना सम्बन्धी निर्देशिका तथा सूचनामा उल्लेख भएका भर्ना प्रकृयाका कुराहरूमा फरक पारी विद्यार्थी भर्ना गर्ने गराउने कार्य भएमा सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्थाको प्राचार्य हुने र त्यसरी भर्ना भएका विद्यार्थीको रजिष्ट्रेसन नहुने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

निर्देशक